# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, कार्तिक २० गते २०३० साल [संख्या २९

श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

#### खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत खानेपानी तथा ढल निकाससम्बन्धी योजना वा श्री ५ को सरकारले हस्तान्तरण गरेको कुनै चालू खानेपानी तथा ढल निकाससम्बन्धी योजनालाई समेत जनाउँछ ।

३. समितिको गठनः– (१) खानेपानी तथा ढल निकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८१

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू रहनेछन् :–

| | |
|---|---|
| (क) सचिव, जल तथा विद्युत् मन्त्रालय– | अध्यक्ष |
| (ख) प्रतिनिधि, अर्थ मन्त्रालय– | सदस्य |
| (ग) प्रतिनिधि, गृह पञ्चायत मन्त्रालय– | सदस्य |
| (घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय– | सदस्य |
| (ङ) प्रतिनिधि, स्वास्थ्य विभाग– | सदस्य |
| (च) मुख्य इन्जिनीयर, खानेपानी तथा ढल निकास विभाग– | सदस्य |
| (छ) योजना प्रमुख, खानेपानी तथा ढल निकास योजना– | सदस्य-सचिव |

(३) श्री ५ को सरकारले आवश्यक ठहराएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सचिवको साथै अरू कुनै दुई जना सदस्यहरू उपस्थित भएमा समिति-को गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ समितिको बैठकमा उपस्थित रहन सक्नेछ ।

४. समितिको काम र कर्तव्यः– (१) श्री ५ को सरकारले तोकेको क्षेत्रमा देहायको कार्य गर्नको लागि योजना कार्यान्वित गर्नु वा त्यस्तो योजनाको संचालन, संभार वा विस्तार गर्न समितिको कर्तव्य हुनेछ ।

(क) सार्वजनिक, घरेलु, औद्योगिक वा अरू कुनै कार्यको लागि खानेपानीको संरक्षण वा वितरण गर्ने,

(ख) ढल निकास प्रणालीको स्थापना, संचालन वा नियन्त्रण गर्ने ।

(२) उपदफा (१) मा उल्लिखित उद्देश्य पूर्तिको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ ।

(क) योजनाको सर्भेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने ।

(ख) योजनाको लागि आवश्यक सामान उपलब्ध गर्न वा योजनासम्बन्धी निर्माण कार्यगर्नको लागि अन्तर्राष्ट्रिय वा स्थानीय स्तरमा टेण्डर आह्वान गर्ने, ठेक्का–पट्टा जाँच्ने वा सदर गर्ने ।

(ग) योजनाको निर्माण, संचालन र संभारसम्बन्धी कार्य गर्ने व्यक्ति-हरूलाई आवश्यक तालीमको सुविधा प्रदान गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

382

(घ) योजनाको निर्माण, संचालन, संभार वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने ।

(ङ) आवश्यक कर्मचारी वा सल्लाहकारहरू नियुक्ति गर्ने ।

(च) योजनासम्बन्धी सेवा उपलब्ध गराए बापत दस्तूर लगाउन वा त्यस्तो दस्तूरको दरमा कुनै परिवर्तन गर्नु परेमा श्री ५ को सरकारको स्वीकृति लिई गर्ने ।

(छ) वार्षिक बजेट र पञ्चवर्षीय बजेट तयार गर्ने ।

(ज) सार्वजनिक ठाउँमा रहेको धारा वा पानीको पाइप वा त्यसमा जडान भएको मीटर वा ढल निकाससम्बन्धी पाइपको संभार, हेरफेर, निरीक्षण वा परीक्षण गर्ने ।

(झ) खानेपानी वा ढल निकाससम्बन्धी नयाँ पाइप बिछाउन वा साबिकको पाइप मर्मत गर्नको लागि आवश्यक कारवाई गर्ने ।

(ञ) श्री ५ को सरकार र विदेशी संस्थाको बीच सम्पन्न भएको संझौता अनुसार समितिले गर्नुपर्ने अन्य काम गर्ने ।

५. समितिको कोष र आर्थिक कारोवार:– (१) समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकार वा अरू स्रोतबाट प्राप्त रकम वा ऋण,

(ख) श्री ५ को सरकार मार्फत कुनै विदेशी एजेन्सीबाट प्राप्त ऋण,

(ग) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको सेवाबाट उठेको रकम,

(ङ) समितिले अरू कुनै स्रोतबाट प्राप्तगरेको रकम ।

(२) समितिले प्रत्येक आर्थिक वर्षको अन्त्यमा बचत हुन आउने रकमको एउटा छुट्टै कोष खडा गर्नेछ र त्यस्तो कोषमा जम्मा भएको रकम विशेष गरी योजनाको विस्तार र विकास कार्यमा खर्च गरिनेछ ।

(३) समितिको आय-व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

६. लेखा परीक्षण:– समितिको लेखा परीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सकिने:– समितिले आफ्नो सबै वा केही अधिकार समितिको सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. ठेक्का-पट्टा र ठेक्का सदर:– समितिको निर्देशानुसार समितिको तर्फबाट गरिने सबै ठेक्का-पट्टा र सोसम्बन्धी सबै काम समितिको सचिवले गर्नेछ र त्यसरी गरिएको ठेक्का-पट्टा समितिले गरेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ । तर साधारणतया दुई बैठकहरूको बीचको अवधि एक महीनाभन्दा बढी हुने छैन ।

(२) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

१०. सम्पत्तिको हस्तान्तरणः– श्री ५ को सरकारले आफ्नो अन्तर्गतको कुनै चालू खानेपानी तथा ढल निकाससम्बन्धी योजनाको संचालन गर्न समितिलाई सुम्पेमा त्यसरी सुम्पेको मितिदेखि त्यस्तो योजनासम्बन्धी सबै सम्पत्ति र दायित्व पनि समितिमा हस्तान्तरण हुनेछ ।

११. समितिको नियमहरूः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जल तथा विद्युत् मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१३. समितिको कार्यालयः– समितिको मूल कार्यालय काठमाडौंमा रहनेछ ।

१४. खारेजीः– खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०२९ खारेज गरिएको छ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3C8